# कार्यक्रम सञ्चालन तथा कार्यान्वयन (पहिलो संशोधन) मार्गदर्शन, २०८३

## (पर्यटन, वन तथा वातावरण मन्त्रालय)

**कोशी प्रदेश सरकार (मा.मन्त्रिस्तरीय निर्णय) बाट स्वीकृत मिति: २०८३/०२/२१**

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

**१.मूल मार्गदर्शनको बुदाँ १३८ मा संशोधन:** मूल मार्गदर्शनको बुदाँ १३८ मा रहेको "पर्यटन सम्बन्धी लेखन वृत्ती" कार्यक्रमको सट्टा देहायको कार्यक्रम राखिएको छः

**"१३८. पर्यटन सम्बन्धी लेखन वृत्ति कार्यक्रम"**

कोशी प्रदेशका प्रमुख तथा प्रचुर सम्भावना बोकेका पर्यटकीय गन्तव्यहरूको राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने उद्देश्यले पर्यटन क्षेत्रमा क्रियाशील पत्रकारहरूको व्यावसायिक क्षमता अभिवृद्धि गर्दै उत्कृष्ट खोजमूलक लेख-रचनाका लागि "पर्यटन सम्बन्धी लेखन वृत्ति" कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रम अन्तर्गत छनौट भएका उत्कृष्ट लेखहरूलाई एकीकृत गरी मन्त्रालयले पुस्तिकाको रूपमा प्रकाशन गर्नेछ।

**कार्यान्वयन प्रक्रिया तथा कार्यविधि**

- कार्यक्रमलाई निष्पक्ष र व्यवस्थित बनाउन मन्त्रालयमा देहायको एक समिति गठन हुनेछः

  (क) महाशाखा प्रमुख,पर्यटन महाशाखा, मन्त्रालय - संयोजक
  (ख) मन्त्रालयले मनोनयन गरेको पत्रकारिता विषयमा १० वर्ष कार्यअनुभव प्राप्त गरेको विज्ञ पत्रकार- सदस्य
  (ग) शाखा प्रमुख, पर्यटन शाखा - सदस्य सचिव

  समितिले आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रित गर्न सक्नेछ।

- समितिले कोशी प्रदेशमा कार्यरत सञ्चार माध्यममा आबद्ध बढीमा ३५ जना पर्यटन क्षेत्रमा कलम चलाउने उत्कृष्ट पत्रकारहरूको छनौट गर्नेछ।
- समितिले लेख-रचना छनौटको कार्यविधि, आधार र मापदण्ड आफैं निर्धारण गर्नेछ। मन्त्रालयद्वारा सार्वजनिक सूचना प्रकाशन गरी प्राप्त हुन आएका आवेदनहरूमध्ये उत्कृष्ट लेखनका आधारमा छनौट प्रक्रिया अवलम्बन गर्नेछ।
- छनौट भएका पत्रकारहरूलाई उत्कृष्ट लेख बापत प्रति पत्रकार बढीमा रु. २०,०००/- (बीस हजार रुपैयाँ मात्र) सम्म रकम प्रदान गर्न समितिले मन्त्रालय समक्ष सिफारिस गर्नेछ।
- पर्यटन सम्बन्धी प्रत्येक खोजमूलक लेख न्यूनतम १५०० (पन्ध्र सय) शब्दको हुनुपर्नेछ।

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

मा. भीम पराजुली
मन्त्री
पर्यटन वन तथा वातावरण मन्त्रालय

Scanned with CamScanner

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

- मूल्याङ्कन समितिद्वारा स्वीकृत भएका कोशी प्रदेशको पर्यटन प्रवर्द्धन सम्बन्धी खोजमूलक लेखहरूलाई मन्त्रालयले विशेष पर्यटन पुस्तिकाको रूपमा प्रकाशन गर्नेछ।

**जनशक्ति व्यवस्थापन**

यो कार्यक्रम मन्त्रालयका कर्मचारी तथा आवश्यक विज्ञको सहयोग मार्फत कार्यान्वयन गरिनेछ।

**बजेट व्यवस्थापन**

यस कार्यक्रमका लागि कुल रु. १०,००,०००।- (अक्षरेपी दश लाख रुपैयाँ मात्र) बजेट विनियोजन गरिएको छ। (जसमा ७ लाख रुपैयाँ लेख रचनाका लागि बाँकी ३ लाख रुपैयाँ पुस्तिका प्रकाशन,मूल्यांकन समितिको बैठक तथा व्यवस्थापनमा खर्च गरिनेछ।)

**अपेक्षित उपलब्धि**

कोशी प्रदेशको पर्यटन क्षेत्रमा कलम चलाउने ३५ जना पत्रकारहरूले लेखन वृत्ति प्राप्त गरी खोजमूलक सामग्री प्रकाशन गर्नेछन्। यसबाट प्रदेशका पर्यटकीय गन्तव्यहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा व्यापक प्रचार-प्रसार हुनेछ जसले कोशी प्रदेश पर्यटन वर्षको प्रचार प्रसारमा सहयोग मिल्नेछ।"

डा. इन्द्र प्रसाद सापकोटा
प्रदेश सचिव

मा. भीम पराजुली
मन्त्री
पर्यटन वन तथा वातावरण मन्त्रालय

Scanned with CamScanner